**बैठक संख्या: ११/२०७९/०८०**

**मितिः २०७९/११/०९**

**समयः दिउँसो २:०० बजे**

**स्थानः भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक कक्ष**

भूमे गाउँपालिकाका अध्यक्ष श्री **होम प्रकाश श्रेष्ठ**ज्यूको अध्यक्षता र देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

**<u>उपस्थितिः</u>**

| **क्र.सं.** | **दस्तखत** | **नाम थर** | **पद** | **कार्यालय** |
|---|---|---|---|---|
| १ | | होम प्रकाश श्रेष्ठ | अध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| २ | | सविना बुढा | उपाध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| ३ | | मनकाजी पुनमगर | वडा अध्यक्ष | १ नं. वडा कार्यालय |
| ४ | | नारायण पुनमगर | वडा अध्यक्ष | २ नं. वडा कार्यालय |
| ५ | | प्रशुराम बुढा | वडा अध्यक्ष | ३ नं. वडा कार्यालय |
| ६ | | श्याम प्रसाद बुढा | वडा अध्यक्ष | ४ नं. वडा कार्यालय |
| ७ | | टेक प्रसाद बुढा | वडा अध्यक्ष | ५ नं. वडा कार्यालय |
| ८ | | विक्रम पुन मगर | वडा अध्यक्ष | ६ नं. वडा कार्यालय |
| ९ | | संगम रोका | वडा अध्यक्ष | ७ नं. वडा कार्यालय |
| १० | | दिनेश रोका | वडा अध्यक्ष | ८ नं. वडा कार्यालय |
| ११ | | विनोद बुढा | वडा अध्यक्ष | ९ नं. वडा कार्यालय |
| १२ | | सुनकुमारी रोका | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १३ | | भिमला वि.क. | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १४ | | फोमली बुढा | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १५ | | भारती नेपाली | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १६ | | भागिलाल दमाई | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १७ | | जीत बहादुर कामी | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १८ | | चन्द्रसिंह श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत/ सचिव | गाउँ कार्यपालिकाको कार्यालय |
| **<u>अन्य</u>** | | | | |
| | | | | |
| | | | | |
| | | | | |

भूमे गाउँपालिका, रुकुम (पूर्व)

बैठक सं. ११/०७९-८० मिति २०७९।११।०९ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब

**प्रस्तावहरुः**

| प्रस्ताव नं. | बैठक प्रस्तावहरु | कैफियत |
|---|---|---|
| १. | निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा | |
| २. | सेवा प्रवाह समीक्षा सम्बन्धमा | |
| ३. | आय व्ययको समीक्षा सम्बन्धमा | |
| ४. | झोलुङ्गे पुल सूची सम्बन्धमा | |
| ५. | जग्गा वर्गीकरण सम्बन्धमा | |
| ६. | कोल्ड स्टोर विस्तृत परियोजना प्रतिवेदन स्वीकृति सम्बन्धमा | |
| ७. | विविध खर्च भुक्तानी सम्बन्धमा | |
| ८. | सामुदायिक इकाई केन्द्र स्थापना सम्बन्धमा | |

**बैठक सं. ११/०७९-८० मिति २०७९।११।०९ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब**

**निर्णय नं. १:**

गाउँ कार्यपालिकाको चालु आर्थिक वर्ष २०७९/०८० को बैठक संख्या १० को निर्णय कार्यान्वयनको समीक्षा गर्दा १७ वटा निर्णयहरुमध्य ९ वटा निर्णय कार्यान्वयन भएकाले सबै निर्णय कार्यान्वयनमा जोड दिनुपर्ने र आगामी दिनमा निर्णय कार्यान्वयन कार्ययोजना समेत तयार गर्ने निश्कर्ष निकालियो।

**निर्णय नं. २:**

गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयहरुबाट २०७९ माघ महिनामा सम्पादित काम र सेवा प्रवाहको अवस्था बारे समीक्षा गर्दा सन्तोषजनक रहेको निश्कर्ष निकाल्दै सेवा प्रवाहलाई अझ प्रभावकारी गर्दा देहाय बमोजिम गर्ने गराउने निर्णय सर्वसम्मतिले गरियो:

**तपसिल**

१) हालसम्म सम्पादित कार्य तथा सेवा प्रवाहको सम्बन्धमा मिति २०७९ फागुन १५ गते सार्वजनिकक सुनुवाई गर्ने निर्णय अघिल्लो कार्यपालिका बैठकबाट निर्णय भएकोमा राष्ट्रिय परिचयपत्र अभियान कार्यलाई मध्यनजर गर्दै २०७९ फागुन २६ गते भूमे गाउँपालिका वडा नं. ९ चुनबाङमा सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने,

२) साना साना योजना तथा कार्यक्रमको पनि अनुगमन समितिबाट अनुगमन नहुँदा भुक्तानी नभएकाले तत्काल अनुगमन गरी भुक्तानी कार्य गर्ने,

३) भुक्तानीका लागि वडा कार्यालयले प्रमाण तथा कागजात संकलन गरी वडा कार्यालयमार्फत् गाउँ कार्यपालिकामा पठाउने र एकै पटक भुक्तानी गर्नुपर्ने देखियो ।

४) सेवा प्रवाहलाई मध्यनजर गरी हाललाई अर्को व्यवस्था नभएसम्मका लागि वडा नं. ४ को वडा स्वयंसेवकलाई वडा नं. २ मा खटाउने निर्णय गरियो ।

५) वडा नं. २ र वडा नं. ८ मा स्वयंसेवा नियमावली, २०७५ बमोजिम वडा स्वयंसेवकको व्यवस्था गर्ने ।

**निर्णय नं. ३:**

चालु आर्थिक वर्ष २०७९।०८० को माघ महिनासम्मको आय र व्ययको समीक्षा गर्दा आयतर्फ सन्तोषजनक रहेको र व्ययतर्फ पूँजीगत खर्च वृद्धिमा जोड दिनुपर्ने निश्कर्ष निकालियो।

**तपसिल**

| शीर्षक | बार्षिक बजेट | हालसम्मको प्रगति | प्रगति (%) | मौज्दात |
|---|---|---|---|---|
| जम्मा आम्दानी | ५५,९०,६७,४५२ | २५,१३,७६,४३० | ४४.९६ | ३०,७६,९१,०२१ |
| संघीय सरकार | ३६,१०,५०,००० | १७,२७,२८,७५० | ४७.८४ | १८,८३,२१,२५० |
| प्रदेश सरकार | ३,९१,७४,००० | १,१४,६२,००० | २९.२६ | २,७७,१२,००० |
| राजस्व बाडफाड | १०,१३,०६,१७० | २,७६,५३,५८७ | २७.३ | ७,३६,५२,५८३ |
| आन्तरिक स्रोत (गत वर्षको मौज्दात समेत) | ५,३५,३७,२८२ | ३,९५,३२,०९३ | ७३.८४ | १,४०,०५,१८८ |
| जम्मा खर्च | ५५,९०,६७,४५२ | १५,५३,२५,४१४ | २७.७८ | ४०,३७,४२,०३७ |
| चालु खर्च | ३२,९६,६८,३८० | १२,०३,०२,४८५ | ३६.४९ | २०,९३,६५,८९४ |
| पूँजीगत खर्च | २१,९३,९९,०७२ | ३,५०,२२,९२९ | १५.९६ | १८,४३,७६,१४२ |

**निर्णय नं. ४:**

आधारभूत सेवामा सहज पहुँचको लागि आधा घण्टाको फेरोमा झोलुङ्गे पुल निर्माण गर्ने चालु पन्ध्रौं योजनाको लक्ष्य बमोजिम गाउँपालिकाभित्र आवश्यक पर्ने झोलुङ्गे पुलहरुको विवरण स्थानीयबासीसँगको छलफलमा वडा कार्यालयहरुले तयार गरेको तपसिल बमोजिम झोलुङ्गे पुलहरुको सूची सबै वडाबाट प्राप्त नभएकाले स्थानीय बुद्धिजिवी, राजनीतिक दल तथा जनप्रतिनिधिहरुसँग छलफल तथा समन्वय गरी छुट भएका वडाले मिति २०७९।११।१० गतेभित्र गाउँ कार्यपालिकाको कार्यालयमा पेश गरिसक्ने निर्णय सर्वसम्मत रुपमा गरियो ।

**निर्णय नं. ५:**

भूउपयोग नियमावली, २०७९ नियम ५ को उपनियम (७) मा भूउपयोग क्षेत्र वर्गीकरण कृषियोग्य जमिनको संरक्षण गर्ने गरी तत्काल चार किल्ला तोकी कृषि क्षेत्र र गैरकृषि क्षेत्र तोक्न सबै वडा कार्यालयहरुले स्थानीयबासी, बुद्धिजिवी, राजनीतिक दलसँग छलफल तथा वडा समितिको निर्णय गरी गाउँ कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

**तपसिलः**

| वडा नं. | स्थान | भूउपयोगको किसिम | चार किल्ला | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | पूर्व | पश्चिम | उत्तर | दक्षिण | |
| | | | | | | | |
| | | | | | | | |

**निर्णय नं. ६:**

उत्पादित कृषि उपज तथा खाद्य सामग्री भण्डारण गर्ने चिस्यान केन्द्र (कोल्ड स्टोर) निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन थप संशोधनपछि गाउँ कार्यपालिकाबाट स्वीकृत गरेपछि कार्यान्वयन प्रक्रिया तत्काल अगाडि बढाउने निर्णय सर्वसम्मत रुपमा गरियो ।

**निर्णय नं. ७:**

गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयहरुबाट भएको तपसिल बमोजिमका विविध खर्चहरु स्वीकृत गर्ने निर्णय गरियोः

| क्र.सं. | कार्यालय/इकाई | रकम | कैफियत |
|---|---|---|---|
| १ | काँक्री स्वास्थ्य चौकी तथा अस्थायी अस्पतालमा कार्यरत चिकित्सक तथा व्यवस्थापनतर्फ चालु आर्थिक वर्षको खाना तथा व्यवस्थापन खर्च | ७८५१० | |
| २ | थबाङ गाउँपालिकाले आयोजना गरेको खेलकूद प्रतियोगितामा सहभागी महिला खेलाडी व्यवस्थापन खर्च | | |

[2]

**निर्णय नं. ८:**

स्वास्थ्य सेवा पहुँच विस्तारका लागि चालु आर्थिक वर्षको स्वीकृत नीति तथा कार्यक्रम बमोजिम स्थान नटुङ्गिएको वडा नं. ६ को सामुदायिक स्वास्थ्य इकाई हालको स्वास्थ्य सेवा सुविधाको संरचना, भूगोल, आवश्यकता र स्थानीयबासी/बुद्धिजिवीहरुको राय तथा सेवा वितरण लाभ विश्लेषणका आधारमा भूमे गाउँपालिका वडा नं. ६ र ७ का भित्रवन, डाङ्गरीबाङ, रिसाल गाउँ, तामारी लगायतका छुटेका वस्तीहरुलाई समेट्ने गरी आगामी आर्थिक वर्षमा स्थापना गर्ने गरी हाललाई वडा नं. ६ को खाम्दैमा सामुदायिक स्वास्थ्य इकाई स्थापना गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो।

**निर्णयमा फरक मतको अभिलेख**

| प्रस्ताव नं. | फरक मत राख्ने सदस्यको नाम र पद | फरक मतको बेहोरा | कैफियत |
|---|---|---|---|
| | | | |